नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
# राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही

प्रमुख अनुसन्धान अधिकृत
९८५७०८४५१३
सूचना अधिकारी
९८५७०८४५१४
कार्यालय
०७१-५४२५७२

प.स.:-०७९/८०
च.नं.:-

## लिलाम बिक्रिको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सूचना

(प्रकाशित मिति:- २०८०।०३।२७)

राजस्व चुहावटको कसुरमा पक्राउ परी बिभिन्न मितिमा यस कार्यालयमा दाखिला भएका /जफत भएका तपसिलमा उल्लेखित मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन् २०५२ (पहिलो सम्सोधन )को दफा ३२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली,२०७० को नियम २६ बमोजिम लिलाम बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ। नियमअनुसार दर्ता भएका ईच्छुक फर्म तथा कम्पनी, संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा लेखिएका सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र फारम यस कार्यालयको मुद्धा शाखा बाट खरिद गर्न सकिने छ। साथै आफूले कवोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम कृषि विकास बैंक भैरहवामा रहेको को.ले.नि.का. भैरहवाको धरौटी खाता नं ०४१४३०१०१४२५३०२७ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्नेछ। अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्धा शाखा/ लिलाम शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यो सूचना राजस्व अनुसन्धान विभाग को वेभसाईट www.dri.gov.np मा समेत हेर्न सकिनेछ।

### तपसिल

| सि नं | सूचना दर्ता नं. | मालवस्तुको विवरण | परिमाण | एकाई | मूल्याङ्कन समितिबाट कायम मूल्य (मू.अ.कर सहित) | सम्बन्धित निकायबाट स्वीकृत प्राप्त मिति |
|---|---|---|---|---|---|---|
| १ | ५५-०७९/८० | युरिया मल (४५ के.जी.को बोरा) | ६४९ | बोरा | ८७६१५०/- | राजस्व अनुसन्धान विभागको मिति २०८०/०३/१९ को निर्णय |
| २ | २८-०७९/८० | गँहु | ३१ | क्विन्टल | १३४८५०/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/१२/०८ को निर्णय |
| ३ | १५-०७९/८० | वासर भल्भ(६ नम्बर) | १७७६ | पिस | २८७६८४/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/१०/१९ को निर्णय |
| | | लेदर वासर (६ नम्बर) | ५८२ | पिस | | |
| | | कंचन साबुन | १२५० | के.जी. | | |
| | | ट्र्याक कपडा | १०० | मिटर | | |
| | | Vegarol BT-80(20kg/pkt) | २ | बोरा | | |
| | | Cithral Egms FL(TH)(25kg/pkt) | २ | बोरा | | |
| | | Ginol-16(25kg/pkt) | ७ | बोरा | | |
| | | Mone Bat/Tx-80 (55kg/Drum) | १ | ड्रम | | |

ईमेल-dri.butwal@gmail.com/butwal@dri.gov.np

प्रमुख अनुसन्धान अधिकृत
९८५७०८४५१३
सूचना अधिकारी
९८५७०८४५१४
कार्यालय
०७१-५४२५७२

प.स.:-०७९/८०
च.नं.:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Isopropyle Myristate (IMF) (45kg/drum) | १ | ड्रम | | |
| ४ | २४-०७९/८० | तयारी पर्दा (५ फिट) | ४० | पिस | ४६५०३/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/१०/१९ को निर्णय |
| | | तयारी पर्दा (७ फिट) | ६० | पिस | | |
| | | चिनी | २२४ | के.जी | | |
| ५ | १६ (क)-०७९/८० | मोबाइलको टेम्पर्ड ग्लास (प्रति कार्टुन १५ केजी) | १६ | कार्टुन | १८९३५८२/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/१०/१९ को निर्णय |
| | | मोबाइलको टेम्पर्ड ग्लास (प्रति कार्टुन १२ केजी) | ५३ | कार्टुन | | |
| | | फेदर भुवा | ५० | केजी | | |
| ६ | १६(ख)-०७९/८० | Djerum Black Cigarettes ( प्रति बट्टा २० खिल्ली) | २००० | बट्टा | ७१८७५९/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/१०/१९ को निर्णय |
| ७ | ८७-०७८/७९ | लेडिज सुट | १५० | पिस | ५४४४६/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/०७/१६ को निर्णय |
| ८ | ०६-०७९/०८० | अन्यरेशा साधारण साडी | १५७ | पिस | ४९३३५/- | राजस्व अनुसन्धान विभागको मिति २०७९/०७/१६ को निर्णय |
| ९ | १७-०७८/०७९ | कुर्ता सुरवाल | ९६ | थान | ३९५९२/- | राजस्व अनुसन्धान विभागको मिति २०७८/१०/०५ को निर्णय |

शर्तहरु :

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्र, आ.व.०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितमुल्य रु दश लाख सम्मको लागि रु १००० (एक हजार) र दश लाख भन्दा माथीका लागि रु २००० (दुई हजार) फिर्ता नहुने गरि यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरि मुद्दा फाँटबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा बोलपब फारम खरिद गर्न सकिनेछ। अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

२. आफूले कवोल गरेको बोलपत्र सम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोपाइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले बोलपत्रमा सहिछाप गरि सिलवन्दी गरी खाम बाहिर श्री प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, बुटवल सुचना नं उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. प्रत्येक मुद्दा नं /सूचना नं. को छुट्टाछुट्टै बोलपत्र पेश गर्नुपर्नेछ।

४. आफूले कवोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम कृषि विकास बैंक भैरहवामा रहेको को.ले.नि.का. भैरहवाको धरौटी खाता नं ०४१४३०१०१४२५३०२७ मा कार्यालय कोड ३०१०५४८०१मा जम्मा गरि सो को सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्नेछ। प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
# राजस्व अनुसन्धान कार्यालय
मनपार्क-बुटवल, रुपन्देही

प्रमुख अनुसन्धान अधिकृत
९८५७०८४५१३
सूचना अधिकारी
९८५७०८४५१४
कार्यालय
०७१-५४२५७२

प.स.:-०७९/८०
च.नं.:-

५. बोलपत्र फाराममा आफूले कबोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र बाँकी रकम र मु.अ.कर समेत बुझाई गोदामबाट मालवस्तु उठाई सक्नु पर्नेछ।

७. मालसामानहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समयभित्र हेर्न सकिनेछ। बोलपत्र सम्बन्धी कागजात खरिद गर्नेहरुले मात्र मालसामानहरु हेर्न सक्नेछन।

८. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु क्रमश सो को भोलिपल्ट सोही समयमा हुनेछ।

९. यस कार्यालयको धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने फर्महरुको धरौटी रकम फिर्ता गर्न यस कार्यालय बाध्य हुने छैन।

१०. रासायनिक मलको हकमा प्यानमा दर्ता भएको फर्म/ कृषि सहकारी संस्था पनि जसले रासायनिक मलको कारोवार गर्न सम्बन्धित निकायबाट स्वीकृती प्राप्त इजाजतपत्र प्राप्त गरेको छ उक्त फर्म/ कृषि सहकारी संस्थाले बोलपत्र खरिद गर्न सक्नेछ र बोलपत्र खरिद गर्दा आबश्यक कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ।

११. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ, अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।

नि. प्रमुख अनुसन्धान अधिकृत

ईमेल-dri.butwal@gmail.com/butwal@dri.gov.np